बैठक संख्याः १३ मितिः २०७७/०६/२५

## निर्णयहरू

१. कोभिड-१९ को संक्रमणको दर बृद्धि तीव्र गतिमा भइरहेको र लक्षण सहितका संक्रमितहरुको समेत बृद्धि हुँदै गइरहेको हुँदा काठमाण्डौ उपत्यका लगायतका बढी प्रभावित जिल्लाहरुमा साविकमा तयार भई हाल प्रयोगमा नरहेका क्वारेन्टीनहरुलाई आइसोलेसन सेन्टरको रुपमा तत्कालै विकास गर्ने व्यवस्था गृह मन्त्रालयसँगको समन्वय र सहयोगमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने।

२. काठमाण्डौ उपत्यका लगायतका संक्रमणको दर तीव्र गतिमा विस्तार भइरहेका जिल्लाहरुमा भेन्टिलेटर तथा आइसियूहरुको पूर्वाधार व्यवस्थापन गर्न २००० बेडको अक्सिजन लगायतका सुविधा उपलब्ध हुन सक्ने किसिमको कोभिड अस्थायी अस्पतालको रुपमा आइसोलेशन सेन्टरलाई व्यवस्थित गर्ने। यस कार्यको लागि निजी अस्पताल तथा मेडिकल कलेजहरुमा कोभिड-१९ संक्रमित बिरामीको लागि आइसोलेसन बेड र आइसियू बेडलाई समेत थप गरी व्यवस्थित गर्ने। लक्षण नभएका संक्रमितहरुको लागि आवश्यकता अनुसार होटलहरु समेतमा आइसोलेसन सेन्टरको रुपमा प्रयोग गर्ने । सो को व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने।

३. सर्वसाधारण नागरिकलाई आफू रहेकै स्थानमा बसी बडा दशैं मनाउन र कुनै एक स्थानबाट अर्को स्थानमा जानुपूर्व ७ दिन र गन्तब्यमा पुगेपछि पुनः ७ दिन रुपमा क्वारेन्टीनमा बस्न आह्वान गर्ने।

४. कोभिड-१९ को संक्रमणको जोखिम बढ्न नदिन परम्परा देखि चलिआएका धार्मिक एवम् सांस्कृतिक चाडपर्व, जात्रा र पूजापाठ लगायतका कार्य संचालन गर्दा सम्बन्धित धार्मिक, सांस्कृतिक संघ संस्थाले अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्दै स्वास्थ्य सुरक्षाका उपाय अवलम्बन गरी दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि संचालन नगर्ने नगराउने।

५. संक्रमणको बढ्दो अवस्थालाई दृष्टिगत गरी २०७७ कार्तिक १ गतेदेखि कार्तिक १५ गतेसम्म सक्रिय संक्रमितको संख्या २०० भन्दा बढी भएका जिल्लाहरुमा अन्य जिल्लाबाट सवारी साधन आवत जावतलाई नियमन तथा व्यवस्थापन गर्ने तथा ५०० भन्दा बढी सक्रिय संक्रमित रहेका जिल्लामा DCCMC ले संक्रमणको अवस्था विश्लेषण गरी कुनै क्षेत्र वा भागमा लागूहुने गरी सञ्चालनमा रहेका सेवा वा कार्यलाई रोक लगाउने।कोभिड-१९ सँग सम्बन्धित उल्लिखित निर्णयहरुको पूर्ण रुपमा कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयबाट स्थानीय प्रशासनसँग समन्वय गरी यसको नियमित अनुगमन गर्ने र उल्लघन गर्नेलाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने।

६. कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य सुरक्षाका सामग्रीहरु जस्तै पिपिई सेट, एम्बुलेन्स, एवं आवश्यक औषधिको अभाव हुन नदिनेगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समयमै व्यवस्थापन गर्दै जाने। साथै पशुपति क्षेत्रमा हाल प्रयोगमा रहेको विद्युतीय शवदाह गृहलाई २४ सै घण्टा सञ्चालनमा ल्याउन आवश्यक जनशक्तिको व्यवस्था संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिलाउने र थप एक हाइब्रिड शवदाह गृह निर्माण गर्न आवश्यक स्रोत अर्थ मन्त्रालयले मिलाउने।

पोखरेल